## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८२ को अनुसूचीमा संशोधन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि, २०८२ को दफा ३९ बमोजिम मन्त्रालयले अनुसूची - ७ को खण्ड (घ) को पर्यटन प्रवर्धनका कार्यक्रम कार्यान्वयन विधिमा देहायको कार्यक्रम थप गरी देहाय बमोजिम हुने गरी संशोधन प्रस्ताव पेश गरिएको छः

देहायः

| | |
|---|---|
| कार्यक्रमको नाम | जुम्ला रारा अल्ट्रा म्याराथन |
| पृष्ठभूमि र उद्देश्यः | सरोकारवालाहरुसँगको समन्वय र सहकार्यमा अल्ट्रा म्याराथन लगायतका साहसिक पर्यटकिय कार्यक्रमहरू संचालन तथा प्रवर्द्धन गरी म्याराथनका माध्यमबाट कर्णालीलाई देश तथा विदेशमा चिनाउने उद्देश्यले यो कार्यक्रम तर्जुमा गरिएको हो । |
| कृयाकलाप तथा कार्यान्वयन विधि | म्याराथुन आयोजना गर्ने आयोजकसँगको सहकार्यमा म्याराथन रुटको सबैभन्दा जोखिमपूर्ण स्थानहरू पहिचान गरी मार्ग देखाउने साइनेज तथा बोर्ड राख्ने, दौडिन असहज हुने स्थानहरूमा कच्ची हिसाबले मर्मत गरी जोखिम न्यूनीकरण गर्ने तथा प्रतियोगिताको लागि पुरस्कार, ब्यानर, मेडल, प्रमाणपत्र, मायाको चिनो, यातायात, प्रचारप्रसार लगायतका कार्यमा लागत अनुमान कार्यालय प्रमुखबाट स्वीकृत गराई कार्य गर्नुपर्नेछ । उल्लिखित क्रियाकलापहरू संचालन गर्दा मन्त्रालय तथा कार्यालयको स्पष्ट लोगो प्रयोग गर्नुपर्ने छ र यस कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-<br>➢ अल्ट्रा म्याराथनसँग सम्बन्धित विभिन्न निकायको बैठक,<br>➢ अल्ट्रा म्याराथनको तयारी तथा पुर्व-अभ्यास,<br>➢ अल्ट्रा म्याराथन प्रतियोगिता तयारी तथा सञ्चालन गर्ने । |
| खर्च विधि | यस शिर्षकमा विनियोजन भएका रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन हुने क्रियाकलाप तथा यातायात ढुवानी जस्ता कार्यमा खर्च गर्न सकिनेछ । |

सचिव

मा. सुरेश अधिकारी
मन्त्री